# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

IT

## १५ दिने सूचना

## (बिगो नं. १३/४८, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला इलाम इलाम नगरपालिका वडा नं. ७ बस्ने राजकुमार भक्तराज प्रतिवादी जिल्ला पाँचथर फाल्गुनन्द गा.पा. वडा नं. २ बस्ने नारायणप्रसाद नेम्बाङ भएको लेनदेन मुद्दामा इलाम जिल्ला अदालतको मिति २०७३/१२/३१ को फैसला बमोजिम नगद साँवा रकम रु.६,००,०००/- तथा बादीले दाखिला गरेको अदालती शुल्क रु.१०,७७०।– समेत भराई पाऊँ भनी बादीको मिति २०७७/०६/२८ मा दरखास्त परी कारबाहीक्रममा प्रतिवादीको नाममा ३५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७७/०९/०९ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका बाबुको नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि पहिलो पटक तोकिएको मिति २०७८/१२/२८ को डाक लिलाममा कसैले पनि डाक सकार नगरेको हुँदा दोस्रो पटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ।उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/११/०५ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा पुनः मिति २०७९/०६/०६ गतेको डाक बढावढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फाल्गुनन्द गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७९/०६/०६ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढावढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य प्रति रोपनी |
|---|---|---|---|---|---|---|---|
| १ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७ग | ५ | ४-३-३-० | रु.६०,०००।- |
| २ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७ग | ३ | ०-१४-३-३ | रु.६०,०००। |
| ३ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७ग | ९ | २-०-२-१ | रु.६०,०००। |
| ४ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७क | १८७ | २-१-२-२ | रु.६०,०००। |
| ५ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७ग | ४ | ०-१४-१-१ | रु.६०,०००। |
| ६ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७घ | १० | ०-१४-३-० | रु.६०,०००। |
| ७ | नामहाङ नेम्बाङ | पाँचथर | चिलिङदिन | ७ग | ९ | ०-१०-०-१ | रु.६०,०००। |

ईति सम्वत २०७९ साल भदौ महिना १४ गते रोज ३ शुभम् -----------------------------------